# ठाटीकाँध गाउँपालिका
## लकान्द्र,दैलेख

स्थानीय राजपत्र प्रमाणीकरण मितिः-२०८०/१०/०६

| ठाटीकाँध गाउँपालिका, लकान्द्र दैलेखद्धारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ६ | संख्या १ | मिति २०८०/१०/०६ |
| भाग २<br>ठाटीकाँध गाउँपालिका<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ को उपदफा (२) बमोजिमको ठाटीकाँध गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ। | | |
| सम्वत् २०८० सालको मापदण्ड संख्या १ | | |

**ठाटीकाँध गाउँपालिकाको विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८०**

**ठाटीकाँध गाउँपालिकाको विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८०**

**प्रस्तावना:**

ठाटीकाँध गाउँपालिकाको विपद्जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ मा भएको व्यवस्था र स्तानीय सरकार सञ्चालन ऐन २०७४, ले दिएको नीतिगत अधिकार भित्र रही प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट सर्वसाधारको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले

स्थानीय तहको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ठाटीकाँध गाउँकार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस मापदण्डको नाम “विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्वन्धी मापदण्ड, २०८०” रहेको छ ।

(ख) यो मापदण्ड गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “मापदण्ड” भन्नाले विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्वन्धी मापदण्ड,२०८० भन्ने सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले ठाटीकाँध गाउँपालिका विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ भन्ने सम्झनु पर्छ ।

(ग) विपद् व्यवस्थापन समिति” भन्नाले ठाटीकाँध विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले ठाटीकाँध गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ङ) “विपद” भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद्सम्झनु पर्छ ।

**३. वजेट विनियोजन**

गाउँपालिका विपद व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ । उक्त कोषमा प्रकोप उद्धार र राहत मापदण्ड, २०६४ मा तोकिए बमोजिम न्युनतम रु ५,०००००। मौज्दात कायम राख्नु पर्नेछ । कोषको स्थापना नभएको अवस्थामा गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विपद व्यवस्थापन शीर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गरी सोही शीर्षकबाट रहने छ ।

## परिच्छेद - २

## राहत व्यवस्थापनको अवधारणा लक्ष्य उद्देश्य र नीति

**४. राहत वितरण तथा आर्थिक सहयोगको अवधारणा :** ठाटीकाँध गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपदबारे सचेतना अभिवृदि गर्दै विपदबाट प्रभावित हुनेको संख्या न्युनीकरण गर्न, पीडित परिवारको पहिचान गरी राहतमा सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

**५. लक्ष्य:**

प्राकृतिक तथा मानव सृर्जित प्रकोपमा परेका परिवार, संघसंस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पु-याउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

CamScanner

**६. उद्देश्य :**

राहत व्यवस्थापनको उद्देश्यहरु देहायबमोजिम हुनेछन्:

६.१ विपद पीडितको उद्धार तथा पुन:स्थापनाका लागि स्थानीय तह, जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघसंस्थावीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

६.२ विपद पीडितको आधारभुत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मुल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने ।

६.३ विपदवाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि नगरपालिकाको क्षमता विकास गर्ने ।

६.४ विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुका बीच समन्वय गर्ने ।

६.५ विपद बाट पीडित व्यत्तिहरुलाइ तत्काल उद्धार र तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

**७. नीति**

७.१ विपद पीडितको तत्काल उद्धार गर्ने ।

७.२ विपद पीडितलाई उद्धार पछि राहत सहयोग उपलब्ध गराउने ।

७.३ विपद पीडितहरुलाइ पहिचान गरि तत्काल पुन:स्थापनका लागि सहयोग पु-याउने ।

७.४ विपद पीडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्वन्धित सबै निकायहरुका बीच समन्वय गर्ने ।

## परिच्छेद - ३

## राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**८. राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था :**

८.१ राहतको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि देहायबमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनीधि - सदस्य

(घ) आर्थिक विकास शाखा प्रमुख सदस्य

(ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक - सदस्य

( च ) रेडक्रस सोसाइटी नगरापालिका शाखा हेर्ने - संयोजक

(छ) नेपाल पत्रकार महासंघ नगरपालिका - संयोजक

(ज) गाउँपालिका प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

(झ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख सदस्य सचिव

८.२ व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

८.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक वोलाउनेछ ।

८.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ ।

८.५ व्यवस्थापन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ । तर पहिलो पटक गणपुरक संख्या नपुगेमा दोश्रो पटक ३३ प्रतिशत पुगेमा वैठक बस्नेछ ।

८.६ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

**९. समितिको काम, कर्तव्य र अधिकार :**

९.१ समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

(क) विपतको समयमा खोज तथा उद्धार कार्य गराउन खोज तथा उद्धार कार्यदलको गठन गरि दलका सदस्यलाई खोज तथा उद्धार सम्वन्धि तालिम दिई पुर्वतयारीमा राख्ने

(ख) विपद बाट पिडित व्यक्ति परिवार र संघसंस्थालाई तत्काल राहत उपलब्ध गराउने,

(ग) विपद बाट पिडितका लागि पुन:स्थापनाको व्यवस्था गर्ने ,

(घ) राहत वितरण गर्ने तथा वितरणमा संलग्न रहेका निकायहरुको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

## १०. अध्यक्षकोकाम, कर्तव्य र अधिकारः

अध्यक्षकोकाम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ,

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने

(घ) समितिका सदस्यहरुलाइ कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

(ङ) राहत वितरणका कार्यमा पारदर्शिता कायम गराउने

(च) राहत व्यवस्थापनको बैठक सहभागितात्मक रुपमा गराउने

(छ) राहत वितरणका लागि अन्य निकाय, संघ/संस्था संग समन्वय गर्नूपर्ने भए गर्ने गराउने

(ज) राहत वितरणका लागि विपद्व्यवस्थापन कोषबाट वजेट स्वीकृत गर्न गराउने

(झ) राहत वितरण कार्यको अनुगमन तथा मुल्याङकन गर्ने गराउने

## ११. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

राहत व्यवस्थापन सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्ष सँग सल्लाहामा छलफलका विषयवस्तुहरु तयार गरि निर्णयार्थ बैठकमा पेश गर्ने

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

(ग) सम्बन्धित सूचनाहरु, तथ्याङ तथा अभिलेख अध्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

(ङ) कार्यक्रहरुको अनुगमन गर्ने गराउने,

(च) राहत सामाग्री तथा चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

## १२. सदस्यको काम कर्तव्य र अधिकार :

सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पु-याउने,

(ग) तोकिएको जिम्मेवारीलाइ पुरा गर्ने,

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

(च) राहत वितरण कार्यान्वयन गर्न सहयोग पु-याउने ।

## परिच्छेद - ४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

१३. राहत वितरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत गाउँपालिकामा रहेको विपद व्यवस्थापन कोषबाट व्यवस्था गरिनेछ । यो कोषबाट वजेट नपुग भएमा गाउँकार्यपालिकाको बैठकबाट आवश्यक निर्णय गरी अन्य श्रोत जुटाउन सक्नेछ ।

**१४. प्रशासनिक व्यवस्था:**

राहत व्यवस्थापनको लागि प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरु बाट नै संचालन गरिनेछ ।

**१५. बैठक भत्ता:**

राहत व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी तथा सदस्यहरु एवं अन्य आमन्त्रितलाई प्रति बैठक रु.१००० र उपस्थीति सदस्यहरुलाई रु.१५० बरावरको खाजा उपलब्ध गराइने छ।

**१६. राहत तथा उद्धार कार्य संचालन सम्बन्धी व्यवस्था :** गाउँपालिकाको कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्थापन गरिनेछ :

(क) विपद प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धार को व्यवस्था गरिनेछ ।

(ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने व्यवस्था मिलाइनेछ ।

(ग) वडा समितिको बैठकद्धारा विपद प्रभावित वा पीडितहरुको सर्जमित मुचुल्का गराई राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गरिनेछ ।

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति बाट विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस व्यवस्था मिलाइनेछ ।

(ङ) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

**१७. विपद प्रभावित वर्गीकरण :**

गाउँपालिका आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछ :

**(क) प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद जस्तैः, वाढी , पहिरो, भुकम्प,आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु सर्पदशं, जनावर आतङ्ग आदि बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

**(ख) आंशिक प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तैः घरमा सामान्य क्षति भएका तर बस्न लायक, वाढी, पहिरोले खेतवारी सामान्य क्षति पु-याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

**(ग) अति प्रभावित**

प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङग भङग भई जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

**१८. राहत वितरण व्यवस्थापन क्षेत्र:**

क) विपद प्रभावित क्षेत्र रहेको सम्वन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (क) वर्गीकरणमा परेकाहरुलाई बढीमा ५ हजार सम्म नगद वा सो वरावरको खाद्यध्यान्न खरीद गरी उपलब्ध गराउने,

ख) प्रभावित क्षेत्र रहेको सम्वन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (ख) वर्गीकरणमा परेकाहरुलाई प्रति परिवार १० हजार सम्म नगद वा सो वरावरको खाद्यध्यान्न खरीद गरी उपलब्ध गराउने,

ग) प्रभावित क्षेत्र रहेको सम्वन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (ग) वर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलब्ध गराउने,

अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु १५,०००/-

आ) घरवार विहिन भएका परिवार लाई अस्थायी आवासको व्यवस्था सहित प्रति परिवार रु १०,०००/-

CamScanner

इ) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु ५,०००/-

ई) शारीरिक रुपमा घाइते भई उपचारत अवस्थामा रहेको अवस्था हेरी प्रति व्यक्ति रु १००००/-

उ) महिला बालबालिका तथा जेष्ठ नागरिक सम्वन्धी काम गर्ने संस्थाहरु अति प्रभावितका सिफारिसमा परेका संघ संस्थाहरुको हकमा मर्मत संम्मार तर्फ रु १००००/- तथा अन्य संस्थाहरुलाई रु ५०००/-

उ) विपद व्यवस्थापन कोष मार्फत आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी - क्यानसर, मृगौला, मुटु,फोक्सो कलेजो,मस्तिष्क ,पक्षघात ,तथा दुर्घटना भई अगंभगं पिडित व्यक्ति लाई रु १०,०००। देखि २५,०००।

ए) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाय तथा गोठको क्षती भएमा देहाय बमोजिम

सहयोग गरिनेछ ।

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सहयोग गर्ने रकम |
|---|---|---|
| १ | घर तथा आवस नष्ट भएमा | १०,०००-२५,००० |
| २ | पशु गोठ नष्ट भएमा (प्रति गोठ) | ५०००-१५००० |
| ३ | कुखुराको खोर नष्ट भएमा (प्रति खोर) | ५०००-१५००० |
| ४ | गाई, गोरु तथा रागाँ, भैसी (प्रति गोटा) | गाई वा गोरु ५देखी १० हजार<br>रागाँ,भैसी १० देखि २५ हजार सम्म |
| ५ | बोका, बाखा, भेडा, च्यांग्रा (प्रति गोटा) | ५ देखि १००००हजार |
| ६ | हाँस, कुखुरा (प्रति गोटा) | १०० देखि ५०० |

घ) विपद्बाट घरबार ,आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराका लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु. १५,०००। र ५ जनाभन्दा बढी सदस्य भएको परिवार भए रु.२०,००० दरले तत्काल नगद सहायता उपलब्ध गराउने ।

ङ) बाढी पहिरोमा परी गम्भीर घाइते हुनेहरुको उपचारको सम्पुर्ण व्यवस्था नेपाल सरकारले मिलाउने छ ।

च) बुदा नं १७ को (ग) बमोजिम पुर्ण रुपमा घरपरिवार विस्थापित भएको खण्डमा थप आर्थिक सहायताका लागि जिल्ला विपद् व्यवस्थापन समितीलाई सिफारिस गरिनेछ ।

**१९. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजात:** गाउँपालिकाको कार्यालयमा दफा १८ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) निवेदन

(ख) सम्वन्धीत वडा कार्यालयको सिफारिश

(ग) सम्वन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्न

(च) अन्य आवश्यक प्रमाणहरु

**२०. कार्यविधिको संशोधन:**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा विधान समितिको सिफारिसमा कार्यपालिकाले संसोधन गर्नेछ ।

**२१. बचाउ र खारेजी:**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक

CamScanner

प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाजिन गएमा बाझिएको हकमा स्वत: खारेज भएको मानिनेछ तथा यो कार्यविधी लागु भई सकेपछी ठाटीकाँध गाउँपालिकाको प्राकृतीक विपद् प्रकोप महामारी पिडीतहरुको लागि राहत तथा पुनर्स्थापनाको लागि कार्यक्रम सञ्चालन कार्यविधि २०७६ खारेज हुनेछ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वत: सर्नेछ ।

| | |
|---|---|
| प्रमाणिकरण मितिः२०८०।१०।०६ | आज्ञाले<br>जैत्र बहादुर थापा<br>(नि.प्रमुख प्रशासकीय अधिकृत) |